# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८२, पौष

## राप्ती गाउँपालिका वडा नं. ६, पथ्थरगढवा दाङ




## प्रतिवेदक

### नामसालिङ सामुदायिक विकास केन्द्र


### इलाम

## १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को (५)मा उल्लेख भएको प्रावधान एवंम् विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका तीन वटा वडाहरु मध्ये वडा नं. ६ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउंपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थाको पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय वडाले गत आर्थिक २०८१/०८२ बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।



राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Phone: ०८२-४१३०७७
Email:
raptiruralmunicipality@gmail.com

प.सं. २०८२/०८३
च.नं. १२९

मितिः २०८२।०४।१५

विषयः स्वीकृति प्रदान गरिएको सम्वन्धमा ।

श्री नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC),
माइजोगमाई-३, नामसालिङ, इलाम ।

प्रस्तुत विषयमा तहाँ विकास केन्द्रको च.नं. ५५/०२५, मिति २०८२/०४/१२ गतेको पत्रानुसार यस राप्ती गाउँपालकाका वडाहरुले आ.व. २०८१/०८२ मा सन्चालन गरेका विकास कार्यक्रमहरुको सामाजिक उपलब्धि सहितको लेखाजोखा गरी वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन तयार गर्न गाउँपालिकाका वडा नं. ६, ७ र ८ (३ वटा वडा) छनौट गरी सामाजिक परीक्षण कार्यको लागि स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध राप्ती, सुखी र खुसी राप्तीबासी"

Scanned with CamScanner

## ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. ६, पथ्थरगढवा

## ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः


- राप्ती गाउँपालिका वडा नं. ६ को कार्यालय, दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।

## ५. सामाजिक परीक्षण गर्ने संस्थाः

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
*ncdcilam@ntc.net.np*

## ६. तथ्यांक/सूचना संकलन विधि तथा प्रकियाः

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सम्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।




६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण

यस राप्ती वडा न. ६ को सामाजिक परीक्षण गर्ने क्रममा राप्ती गाउँपालिका कार्यालयको मिति २०८२/०४/१५ च.न.१२९ को कार्यादेश अनुसार वडा तहको प्रारम्भिक सरोकारवाला छलफल मिति २०८२ श्रावण १६ गते वडा कार्यालयमा आयोजना गरिएको थियो । उक्त वैठक अनुसार फिल्ड अनुगमन गरी अन्तिम प्रतिवेदन मिति २०८२ पौष ४ गते वडा कार्यालयमा छलफल मार्फत पेश गरिएको छ ।

## ७. सामाजिक परीक्षणको क्षेत्रः

७.१. सामाजिक सुरक्षा ।
७.२. नियमित नागरिक सेवा ।
७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।

## ८. सूचनादाताहरुको बर्गीकृत विवरणः

| समुदाय | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| आदिबासी जनजाती | २५ | १० | १५ | |
| दलित | ११ | २ | ९ | |
| मुश्लिम | ३ | १ | २ | |
| ब्राम्हण/क्षेत्री | २३ | १० | १३ | |
| मारवाडी/मधेशी | ० | ० | ० | |
| अन्य | ७ | ३ | ४ | |
| जम्माः | ७४ | २७ | ४७ | |
| प्रतिशतः | १००% | ३६.४% | ६३.६% | |

## ९. सामाजिक परीक्षण टोलीः

९.१. विनोद निरौला (योजनाविद्, नासाविके सम्पर्कः ९८५२६२०४१२)

९.२. शंशाङ्गबाबु आचार्य (कृषि अधिकृत नासाविके) ९८५७८५९६१६

९.३ धर्मबहादुर यादव ( फिल्ड संयोजक) ९८४४९२०१५५




## १०. विविधः

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।



## खण्ड-ख

## राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. ६ को सामाजिक परीक्षण प्रतिवेदन

### १. वडाको आधारभूत तथ्यांक:

- वडा कार्यालयको क्षेत्रफल: ९ वर्गकिलोमिटर
- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्या: १७४६ घरधुरी (स्रोत: राष्ट्रिय जनगणना २०७८)।
- सेवाग्राही जनसंख्या: जम्मा: ५१९० जना
  महिला: २३८७
  पुरुष: २०९३
- सेवाक्षेत्रका वस्तीहरु: बगरापुर, सगरापुर, भगवानपुर, मझेरिया, पथ्थरगढवा।
- आ.व. २०८१/०८२ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्या:

| विवरण | संख्या |
|---|---|
| जेष्ठ नागरिक ( ७० बर्ष माथि) | २६५ |
| जेष्ठ नागरिक (दलित) | १ |
| जेष्ठ एकल महिला | २८ |
| बिद्यवा | ६९ |
| पूर्ण अपाङ्ग | ५ |
| अति असक्त अपाङ्ग | ३० |
| दलित बालबालिका | ४ |
| **जम्मा** | **४०२** |

*स्रोत: वडा कार्यालयको अभिलेख आ.व २०८१/०८२ को निकासा विवरण*

### २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०८१/०८२)

| क्र.सं. | योजनाको प्रकृति | योजनाको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जम्मा योजना | कार्यान्वयन भएका | कार्यान्वयनमा नभएका | |
| २.१. | सिंचाई, कृषि र पशुपालन सम्बन्धी | ५ | ४ | १ | पालिका स्तरीय समेत |
| २.२. | धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी | ३ | ३ | ० | |
| २.३. | शिक्षा तथा शैक्षिक पूर्वाधार सम्बन्धी | २ | २ | ० | पालिका स्तरीय समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४. | सामुदायिक स्वास्थ्य, सरसफाई र स्वास्थ्य पूर्वाधार सम्बन्धी | २ | २ | ० | |
| २.५. | खानेपानी तथा जलाशय, स्रोत संरक्षण सम्बन्धी | २ | २ | ० | |
| २.६. | सडक, पूल र यातायात पूर्वाधार सम्बन्धी | १० | ९ | १ | पालिका समेत |
| २.७. | युवा, खेलकुद सीप विकास र स्वरोजगारी प्रबर्द्धन सम्बन्धी | २ | २ | ० | |
| २.८. | लक्षितवर्ग तथा समावेशी विकास सम्बन्धी | २ | २ | ० | |
| २.९. | वातावरणीय तथा पर्यावरणीय विकास सम्बन्धी | १ | १ | ० | |
| २.१०. | बिद्यूत तथा बैकल्पिक ऊर्जा | १ | १ | ० | |
| २.११ | मठ मन्दिर तथा धार्मिक संस्था सम्बन्धी | २ | २ | ० | |
| २.१२ | आय आर्जन तथा पर्यटन, होमस्टे | १ | १ | ० | |
| २.१३ | तारबेरा तथा संरचना सुरक्षा सम्बन्धी | २ | २ | ० | |
| २.१४. | सुकुम्बारी तथा सुरक्षिता आवास सम्बन्धी | २ | २ | ० | |
| २.१५ | विविध (अन्तरसम्बन्धित): अध्ययन अनुसन्धान, क्षमता विकास, प्रयोग, परीक्षण, सार्वजनिक निर्माण, योजना निर्माण सम्बन्धी | ३ | ३ | ० | |
| जम्मा योजनाः | | ४० | ३८ | २ | |
| प्रतिशतः | | | ९५% | ५% | |

### ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमतः

| क्र.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | ४० | २४ | १० | ६ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | ३१ | २१ | ८ | २ | ० | |
| ३.३. | स्थानीय विकास निर्माण | ५४ | ४४ | ७ | २ | १ | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | २८ | १८ | १० | ० | ० | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | ४० | २६ | १० | २ | २ | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | २२ | १६ | ५ | ० | १ | |
| | | २१५ | १४९ | ५० | १२ | ४ | |
| | प्रतिशतः | १०० | ७० | २३ | ६ | २ | |

**टोलविकास संस्था तथा पदाधारिकारीहरको नामावली**

| सि.न | टोलविकास संस्थाको नाम | संयोजकको नाम | सम्पर्क न. |
|---|---|---|---|
| १ | अन्नपूर्ण टोलविकास संस्था | हरिचन्द्र चौधरी | ९८२९५७४५११ |
| २ | शिवशक्ति टोलविकास संस्था | रामप्रताप चौधरी | ९७०२२४०२८७ |
| ३ | प्रगति टोलविकास संस्था | टंकनाथ चौधरी | ९८४७८४०६१३ |
| ४ | शान्ति टोलविकास संस्था | प्रयाग नारायण चौधरी | ९८१८३९३५१५ |
| ५ | बड्का गल्ली टोलविकास संस्था | भीमबहादुर चौधरी | ९८५७८४१२८७ |
| ६ | छोड्की गल्ली टोलविकास संस्था | धर्मप्रसाद उप्रेती | ९८६८२७६३०३ |
| ७ | जुनकिरण टोलविकास संस्था | जगवीर चौधरी | ९८४७८२९५८६ |
| ८ | हंशेश्वर टोलविकास संस्था | नजर मोहम्बद मुसलमान | ९८०९८११३०६ |
| ९ | शंकर टोलविकास संस्था | राम अवतार चौधरी | ९८४१६८२४४८३ |

## ४. राप्ती गाउँपालिका वडा न. ६ ले आ.व. २०८१/०८२ मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

### ४.१ पूर्वाधार तर्फ

#### ४.१.१ मझेरिया बाटो ग्राभेल

सम्पर्क व्यक्तिः श्री दिपककुमार चौधरी, टोल अगुवा

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- ठूला गाडी मोटर संचालन गर्न सडकको अधिकांश खण्डमा गाडी फस्ने सम्स्या थियो ।
- नदीमा घाँस तथा स्याउलाको लागि आवतजावत गर्न समेत कडिन थियो ।
- ट्रयाक्टर तथा मझौला गाडीले हिलो पार्ने भएकोले सार्वजनिक काम हिडडुलमा समस्या हुने गरेको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- माटो फिलिङ
- २०० मिटर ग्राभेल गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकको मापदण्ड प्रयास भएको छ ।

## ग) सामाजिक उपलब्धी

- नालाको पानी चडेर सडक अवरुद्ध पार्ने केहीहद सम्म नियन्त्रण भएको छ।
- नाला पूर्व हरेको आवासीय क्षेत्रमा व्यबस्थित सडक निर्माणको शुरुवात
- सवारीसाधन आवत जावत गर्ने हुनाले हिडडुलमा सहज भएको छ।
- उपभोक्ताले स्वामित्व लिएको पाईन्छ।

## घ) सुझाव

- सडकको मापदण्डयुक्त लेभल मिलाउन बाँकी भएकोले थप ग्रावेल हाल्नु आवश्यक छ।



### ४.१.२ भगवानपुर गाउँ सडक स्तरोन्नती (नालानिर्माण)

सम्पर्क व्यक्तिः श्री अन्जु चौधरी - ९७०९८५१०४९) उपभोक्ता

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बाटो होचो भएकोले बर्खायाममा हिलो र हिउँदमा धुलो हुने गरेको थियो ।
- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेकोले ग्रावेल अनिवार्य थियो ।
- बिद्यालय जाने बाटो समेत भएकोले ससाना बिद्यार्थीहरुलाई कष्ठ थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- तुल्सीराम चौधरीको घरदेखि प्रविन चौधरीको घरसम्म १३५ मि. नाला निर्माण भएकोछ ।

**ग) सामाजिक उपलब्धी**

- सडक अवरुद्ध हुने क्रम नियन्त्रण भएको छ ।
- नाला निर्माणले पानीको निकास सहज भएपनि समस्याको पूर्ण समाधान भएको छैन ।
- उपभोक्ता समिति मार्फत काम भएकोले सडकको स्वामित्व कायम भएको देखिन्छ ।

**घ) सुझाव**

- बाटोमा माटो फिलिङ र ग्राभेल गरे समस्याको पूर्ण समाधान हुने देखिन्छ ।



### ४.१.३ भगवानपुर कल्बर्ट निर्माण

सम्पर्क व्यक्तिः श्री नजरमोहम्मद मुसलमान (९८०९८११३०६)
ह्र्शेश्वर टोलविकास अध्यक्ष



**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- काठको साधुरो पुल थियो साईकल मोटरसाईकल दुर्घटना हुने, भारी बोकेर आवतजावत गर्न समस्या थियो ।
- गाडी मोटर आउदैनथियो ।

**ख) सम्पन्न भएका कामहरु**

- २ वटा कल्वर्ड निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**



- कृषि लगायत चिजबस्तु ओसारप्रसार गर्न सहज भएको छ ।
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।
- कल्वर्ट निर्माण भएकोले बिद्यार्थी तथा अन्यलाई हिडडुलमा जोखिम कम भएको छ ।

**घ) सुझाव**

- यस सडक खण्डलाई ग्राभेल समेत गरी पूर्णता दिनुपर्नेछ ।

### ४.१.४ बगरापुर, पथ्थरगढवा बाटो तथा नाला निर्माण

सम्पर्क व्यक्तिः श्री चनीराम चौधरी (उपभोक्ता)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बाटोमा नाला निर्माण नभएकोले वस्तीमा जान समस्या थियो ।
- गाउँटोल दुर्धन्धीत तथा सरसफाईमा समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- बगरापुर, पथ्थरगढवा जाड्ने बाटो ग्रावेल साथै माटो फिलिङ गर्ने कार्य गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- उपभोक्ता समिति मार्फत निर्माण भएकोले उपभोक्ता जागरण पैदा भएको छ ।
- छोटो अवधिको भएपनि स्थानीय रोजगार सृजना भएको छ ।
- ठूला गाडी लागि संचालन अवसर मिलेको छ । पानीको निकास भएको छ ।
- निर्वाचित वडा प्रतिनिधिहरुको सहयोगमा योजना छनौट तथा कार्यान्वयन एवंम् अनुगमन गरिएको हुँदा पारदर्शीता कायम भएको देखियो ।

**घ) सुझाव**

- बाँकी खण्डमा पनि ग्रावेल गरी कालोपत्रे गर्नुपर्ने



**४.१.६ बालविकास कक्षामा पि फर्म तथा कार्पेट खरिद**

सम्पर्क व्यक्तिः श्री रविताकुमारी चौधरी, शिक्षक सामुदायिक वालविकास केन्द्र

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- शिशुकक्षामा बालबालिकाहरुलाई चिसो हुने समस्या थियो ।
- बालबालिकालाई बालकक्षामा सुत्न समस्या भएको थियो ।
- चिसोका कारण बालबालिका विरामी हुने समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- बालविकास कक्षाहरुमा पि फर्म र कार्पेट बिच्छाइएको छ ।



**ग) सामाजिक उपलब्धी**

- शिशुहरु, सा साना बच्चाहरुलाइ चिसोबाट जोगाउने प्रवन्ध मिलेको छ ।
- शिशुबच्चाहरुलाइ बसाल्न, सुताउन तथा पढाउन सजिलो भएको छ ।
- चिसोका कारण बालबच्चा विरामी हुने क्रम रोकिएको छ ।
- कक्षाकोठा हाता सफा सुग्घर भएको छ ।

**घ) सुझाव**

- बच्चाहरुलाइ खेल्ने सामाग्री समेत उपलब्ध गराउनुपर्ने देखिएको छ । भएको पनि जिर्ण अवस्थामा छ ।
- प्रभावकारी सिकाईको लागि कक्षाकोठामा टिभी उपलब्ध गराउनुपर्ने देखिन्छ ।

**४.१.७ थारु संग्राहलय संरचना निर्माण**

सम्पर्क व्यक्ति: श्री रापप्रताप चौधरी (९७०२२४०२८७)
अध्यक्ष, शिवशक्ति टोलविकास समिति

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यस देउखुरी क्षेत्रका थारुहरुको मौलिक सांस्कृतिक सम्पदा संरक्षण गर्न सकिएको थिएन ।
- भवन आसपासमा गेट नहुदा सामानहरु हराउने, विरुवाहरु असुरक्षित थिए ।
- सार्वजनिक संरचना नभएकोल कार्यक्रम भएको दिन समस्या हुने गर्दथ्यो ।

**ख) सम्पन्न भएका कामहरु**

- थारु संग्राहालय संरचना निर्माण तथा गेट सहितको पर्खाल निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सार्वजनिक भवनको सुरक्षा भएको छ ।
- पशुले गर्ने फोहोर र अनावश्यक क्षति अतिक्रमण रोकिएको छ ।
- संग्राहलय क्षेत्रभित्ररहेको बोटविरुवा तथा सामानहरु सुरक्षित भएको छ
- सग्राहालय अवलोकन गर्न आउने पर्यटकहरुको संख्या बृद्धि भएको छ ।

**घ) सुझाव**

- सग्राहालय हाताक्षेत्रभित्र फलफूलका थप विरुवा लगाउनुपर्नेछ ।
- फूटपाथ बनाउनुपर्ने ।
- पर्यटकहरुलाई बस्ने वेञ्च निर्माण गर्नुपर्नेदेखिन्छ ।



## ४.१.८ व्याडमिन्टन कोर्ट निर्माण तथा व्यबस्थापन

### क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- टोलमा ब्याटमिन्टन कोर्ट नहुँदा खेलाडीहरुलाई खेल खेल्नसमस्या थियो ।
- आन्तरिक खेलकुद प्रवर्द्धन गर्न सकिएको थिएन ।

### ख) सम्पन्न भएका कामहरु

- मापदण्डयुक्त संरचना सहित डवलसिस्टम व्याडमिन्टन कोर्ट निर्माण भएको छ ।

### ग) सामाजिक उपलब्धी

- स्थानीय खेलाडीहरुलाई खेलकुद प्रवर्द्धनमा सहयोग पुगेको छ ।
- टोल भित्रका यूवाहरु खेलकुदको मार्फत स्वास्थ्य जीवनशैली अपनाउन सहज भएको छ ।

### घ) सुझाव

- आन्तरिक प्रतियोगिता संचालन गर्न प्रचासप्रसार गर्नुपर्ने देखिन्छ ।



### ४.१.९ मातृ तथा शिशु स्याहार तालिम

सम्पर्क व्यक्तिः श्री बिमला चौधरी, स्वा स्यंमसेविका (९८४७८४६५९५)
श्री उर्मिला चौधरी, स्वा. स्वयमंसेविका (९८२२८८६०५८)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- मातृ तथा शिशुको स्वास्थ्य सम्बन्धी बुझाईमा समानता थिएन ।
- आमासमूहमा छलफल चलाउन तथा मातृशिशु स्वास्थ्य बारे कुरा बुझाउन कठिनाई थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- मातृशिशु स्याहार बारे क्षमताविकास तालिम संचालन गरियो ।

**ग) सामाजिक उपलब्धी**

- मातृशिशु स्वास्थ्य र स्याहारबारे थप सिकाई भएको छ, पूर्णखोप वडा कायम राख्न सहज भएकोछ ।
- गाउँटोलमा मातृशिशु स्वास्थ्यबारे सचेतना फैलाउन सजिलो भएको छ ।
- गर्भभवती महिलाहरुलाई आधारभूत स्वास्थ्य बारे जानकारी हासिल भएकोछ ।

**घ) सुझाव**

- यस्तै प्रकारको मातृशिशु स्वास्थ्य बारे पुर्नताजगी तालिम बार्षिक रुपमा समावेश गर्नुपर्नेदेखिन्छ ।



### ४.१.१० वडाबासी यूवालक्षित लोकसेवा तयारी कक्षा संचालन

सम्पर्क व्यक्तिः श्री प्रमिला चौधरी, लाभग्राही बिद्यार्थी (९७०९७७९८९४)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बेरोजगार यूवालाई लोकसेवामा आधारभूत तयारी बारे ज्ञानको कमी थियो ।
- सरकारी सेवामा ईच्छा भएपनि कृषिमा ब्यस्त हुनपर्ने भएकोले बाहिर गएर कक्षा लिन समस्या थियो ।
- रङरोकन गरिएको थिएन ।

**ख) सम्पन्न भएका कामहरु**

- राप्ती वडा न. ६ का यूवाहरुलाई लक्षित गरी आवधिक लोकसेवा तयारी कक्षा संचालन गरियो ।

**ग) सामाजिक उपलब्धी**

- सार्वजजिक सेवा क्षेत्र तथा सरकारी सेवा प्रवेशको महत्ववारे जानकारी प्राप्त भयो ।
- सार्वजनिक सेवा प्रवेशका लागि दिने परीक्षामा सहभागीको आत्माविश्वास बृद्धि भयो ।

**घ) सुझाव**



- लोकसेवा तयारी कक्षाको समय दैनिक २ घण्टा मात्र भएकोले समय थोरै भएको अनुभव भयो । आगामी दिनमा अलि लामो समयको तयारी कक्षा संचालन गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।
- यस्तैप्रकारको जीवनोपयोगी शिक्षालिने तालिम संचालन गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

### ४.१.१२ दलित, अल्पसंख्यक तथा विपन्न बिद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण

सम्पर्क व्यक्तिः श्री उमानाथचौधरी, लेखापाल ज्ञानोदयम मावि (९८४७९०३१३१)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- दलित तथा अल्पसंख्यक एवं विपन्न बिद्यार्थीहरुले आर्थिक समस्याले गर्दा बिद्यालयमा आवश्यक पर्ने स्टेसनरी सामान, ड्रेस किन्न नसक्दा पढाईलेखाइमा केही समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- सामुदायिक बिद्यालयमा अध्ययनरत दलित तथा विपन्द समुदायका बिद्यार्थीलाई शैक्षिक समाग्री (कलम, पेन्सिल, कापी आदि सामाग्री हस्तान्तरण गरिएको छ ।

### ग) सामाजिक उपलब्धी

- विपन्न तथा दलित समुदायका बिद्यार्थी अभिभावकहरुलाई आर्थिक भार कम परेको छ ।
- सामुदायिक बिद्यालयका लक्षित बिद्यार्थीहरुलाई बिद्यालय जान प्रोत्साहन मिलेको छ ।
- बिद्यालयमा लक्षित समुदायका बिद्यार्थीहरुको उपस्थिति दिन बढेको छ ।



### घ) सुझाव

- यस प्रकारको सहयोग अन्य समुदायका बिद्यार्थीहरुलाई पनि उपलब्ध गराउन सके बिद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार आउने थियो ।
- कार्यक्रमको निरन्तरताको अपेक्षा गरिएको छ ।

## ५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप


### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधि अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।

### ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा)ः

- वडा कार्यालयको आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाहमा थप सहज भएको र जनसम्पर्क स्थापना एवंम सेवाग्राही मैत्री कार्यालय भवन रहेको पाईयो ।
- लुम्बिनी प्रदेश राजधानीको प्रस्ताव भएपश्चात यस क्षेत्रका जग्गा किनावेचको प्रकृया रोक्का रहेकोमा सम्बन्धित स्थानीय सरकाको सिफारिसमा बैङ्किक कारोवार प्रयोजनमा लागि प्रकृयागत सहजीकरण गरेको पाइयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।

- नियमित सेवालाई प्रभावकारी बनाउन सेवा प्रदान गरिने कक्ष/विभागहरु अलग अलग गरी व्यवस्थापन गरिएको पाईयो ।
- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।




- वडाको आफ्नो अलग्यै गुनासोपेटिका राखेको पाइयो ।
- बैदेशिक रोजगारीमा विचल्लीमा परका वा दुर्घटनामा मृत्यु भएका वडाबासीहरुको उद्धार तथा व्यबस्थापनमा वडाको सकृयता महत्वपूर्ण रहेको पाइयो ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

**५.४. स्थानीय विकास निर्माण**

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण गरिएका योजनाहरुको कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका प्रंशसनीय रहेको पाइयो ।
- आ.व. २०८१/०८२ को अवधिमा गाउँ सभाबाट पारित यस वडाका योजनाहरु मध्ये करीब ९५% योजनाहरु जस्ताको तस्तै कार्यान्वयन भएको पाईयो । ठूला र दुरगामी असर पार्ने पूर्ण रुपमा असफल भएका योजनाहरु नभएको पाईयो ।
- गतवर्ष वडा नं. ६ मा संचालित योजनाहरु मध्ये कामको गुणस्तर, उपादेयता, समय, बजेट र जनसहभागिताका दृष्टिले मातृशिशु स्याहार तालिम, मझेरिया बाटो ग्राभेल, भगवानपुर कलवर्ट, भगवानपुरगाउँ नाला निर्माण, बगरापुर पथ्थरगढवा बाटो ग्राभेल, बालकक्षामा कार्पेट सहयोग, थारु संग्रालहय संरचना निर्माण, व्याडमिन्टन कोर्ड व्यबस्थापन, बृद्धबृद्धा सम्मान एवंम सहयोग, र ग्रामीण सडकहरुको स्तरोन्ती एवम् कलवर्ड मर्मत, अधिकारमुखी अभियान कृयाकलाप, टोलविकास संस्था समन्वय आदि कार्य नमुनाको रुपमा सम्पन्न भएको छ । सवै योजना पारदर्शी ढङ्गले सम्पन्न भएका छन् ।
- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति

र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।

- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ । स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।
- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।
- गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत कर्मचारी र प्राविधिकहरुद्वारा उपभोक्त समिति गठनदेखिनै समय समयमा आवश्यकता अनुसार योजनाहरुको स्थलगत सुपरीक्षवेक्षण तथा अनुगमन गरी सार्वजनिक खर्च प्रकियालाई जिम्मेवारपूर्ण, पारदर्शी र प्रभावकारी बनाउन प्रयास गरिएको छ । यस प्रकियाले निर्माण सम्बन्धी

**५.५. जनसम्बन्ध, समन्वय र साझेदारीः**

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडाकार्यालयले समन्वयकै आधारमा प्रदेश स्तरबाट समेत पूर्वाधारयोजनाहरु पर्न सफल भएको देखिन्छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, होटल व्यबसायी, यातायात व्यबसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।
- औपचारिक रुपमा पेशा-व्यवसायहरु संचालनका लागि स्थानीय उद्यमी-व्यवसायी र व्यापारीहरुलाई पालिकाले प्रोत्साहित गरी त्यस प्रकारको अभ्यास गर्ने उद्यमीहरुलाई सरकारी अनुदान, प्रोत्साहन र पुरस्कार प्राप्तिका लागि सहयोग पु-याउने गरेको पाइयो । यसका लागि वडाको भूमिका महत्वपूर्ण देखिएको छ ।



**५.६. नागरिक गुनासो तथा सूचना व्यवस्थापनः**

- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । नागरिक वडापत्र राखिएको तथा गुनासो पेटिकाको व्यवस्था गरिएको पाईएको छ ।

### ५.७. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणाः

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुँदै गएको क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणको नियमितता र विगतमा वडास्तरमा गरिएको भुक्तानी व्यवस्थाको सेवाग्राहीले प्रशंसा गरेका छन । बैंक मार्फत भुक्तानी दिने निर्णय र रकमको घटबड बारे लक्षित समुदायमा पर्याप्त सूचना पुग्न सकेको छैन ।
- बजार क्षेत्र, सार्वजनिक स्थल, मन्दिर र नदीक्षेत्रमा फोहरमैला व्यवस्थापनको मुद्धा दिनानुदिन जटिल बन्दै गएको छ ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन । निजी क्षेत्र र संघ-संस्थाहरुसँगको समन्वयको अभावमा यस प्रकारका उपलब्धिहरु नगण्य मात्रामा मात्र प्राप्त भएको पाईन्छ ।

## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ९५ प्रतिशत भन्दा धैरै योजनाहरु सम्पन्न भएका छन । पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- राप्ती गाउँपालिका वडा न. ६ बहुधार्मिक तथा बहुसांस्कृतिक क्षेत्रको प्रबर्द्धन, विकास र स्थानीय पर्यटन प्रबर्द्धनका लागि योजनाबद्ध विकास रणनीतिको आवश्यकता रहेको छ । हाल भैरहेको सानातिना पर्यटन प्रबर्द्धन र शहरी सौन्दर्यीकरणका अतिरिक्त एकीकृत योजना सहितको पर्यटन प्रबर्द्धन नीति तथा कार्यक्रम तय गरी यस क्षेत्रलाई समेत प्राथमितापूर्वक कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।
- नागरिक गुनासो व्यवस्थापनलाई विधिसम्मत रुपमा व्यवस्थित गर्ने र समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई, गुनासो चौतारी जस्ता जनतासँगको साक्षात्कार कार्यक्रमहरु सञ्चालन गरी जनगुनासो कम गर्ने र जनप्रतिनिधि-सेवाग्राही सम्बन्धलाई पुनर्ताजगी गर्न उपयुक्त ठानिएको छ । यसका लागि आगामी दिनमा योजना तर्जुमा, अनुगमन र जवाफदेहीता तथा पारदर्शीता अभिवृद्धिका

कार्यक्रमहरु संचालन गर्न समेत बजेट विनियोजन गर्न र नियमानुसार सोको खर्च हिसाब लेखापरीक्षण प्रतिवेदनमा छुट्टै उल्लेख गर्न समेत सुझाव पेश गरिन्छ ।

- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागि छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।
- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।
- टोलविकास संस्थालाई संस्थागत क्षमता विकास सहित न्यूनतम व्यबस्थापकीय सामाग्री उपलब्ध गराउनुपर्ने ।



